# अपिहिमाल गाउँपालिकाको

# आ.ब २०७८/०७९ को

# बार्षिक बजेट

# २०७८

अपिहिमाल गाउँपालिका

उर्मिला बोहरा

उपाध्यक्ष

अपिहिमाल गाउँपालिका खण्डेश्वरी,दार्चुला

मिति २०७८/०३/१०

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

गा.पा.अध्यक्ष

गाउँसभाका अध्यक्ष महोदय,

१.अपिहिमाल गाउँपालिका सरकारकोपाँचौबार्षिक बजेट अर्थात आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुतगर्न पाउँदा मैले अत्यन्त गौरवान्वित महसुस गरेकोछु ।आजको यस गरिमामय तथा ऐतिहासिक अवसरमा राजनैतिक परिवर्तनकालागि विभिन्नतहतप्कामा गरिएका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण बीर सहिदहरु प्रतीहार्दिक श्रदाञ्जली व्यक्त गर्दछु । आन्दोलनका क्रममा भएका घाईते तथा बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक,राजनैतिक एवम् सामाजिक परिवर्तनका लागि नेतृत्वदायि भूमिका निवार्ह गर्न सबै राजनितिक अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**कोभिड १९** ले सिंगो मानव जाति संकटमा परेको वर्तमान अवस्थामा यस अपिहिमाल गाउँपालिका सरकारलाई सहयोग गर्नुहुने **केन्द्र सरकार**, **प्रदेश सरकार**, संघ संस्था र व्यक्तिहरुलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

त्यसैगरी **कोभिड १९** महामारी नियन्त्रणमा ज्यान हत्केलामा राखेर अग्रपंक्तिमा खटिनु हुने-स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, गाउँपालिकाबाट खटिएका कर्मचारीहरु,बिना पारिश्रमिक अहोरात्र खटिएका जनप्रतिनिधिहरु, पालिकास्तरीय समन्वय समितिका सदस्यहरुतथा यस संकटको घडीमा हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णलाई हार्दिक नमन गर्दछु र पुनःसंकटको बेलामा सहयोगको अपेक्षा गर्दछु ।

महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठुलो संकट पैदा भएको अवस्थामा विश्वस्तरमै यस महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा तथा सुविधाहरु अप्रयाप्त देखिएकाछन्,अर्थव्यवस्थामा गम्भीर धक्का पुगेकोछ, उद्यम व्यवसाय बन्द भएकाछन्, लाखौं मानिसहरुले रोजगारी गुमाएकाछन्, लाखौं मानिस संक्रमित भएकाछन् र लाखौं मानिसहरुले ज्यान गुमाएकाछन्। यस गरिमामय गाउँसभामार्फत ती कोभिड संक्रमित व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै ज्यान गुमाउनेप्रति श्रद्दान्जली व्यक्त गर्दछ । उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गदर्छु ।

बहुजातिय,बहुभाषिक,वहुधार्मिक तथा भौगोलिक विविधायुक्त विशेषतालाई आत्मसाथ गरी विविधा बिचको एकता,सामाजिक,सांस्कृतिक ऐक्यवद्धता,सहिष्णुता र सदभावलाई

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय,जातीय,क्षेत्रिय,भाषिक,धार्मीक,लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्यगरी आर्थिक समानता,समृद्धी र सामाजिक न्याय सुनिश्चितगर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा

समता मूलक समाजको निर्माण गर्न राष्ट्रिय संकल्पलाई आत्मसाथगर्दै संघिय सरकार र प्रदेश सरकारसंग

समन्वय,सहकार्य र सहअस्तित्वको भावना अनूरुप कार्यगत एकतागर्दै यस गाउपालिकाको स्वाधिनता,समृदि,आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न हाम्रो एकमात्र साझा लक्ष्य रहेकोमा **कोभिड १९** को कारणले पुर्वाधार विकासको बजेट केही रुपमा खुम्चिन गएको छ ।

अध्यक्षमहोदय,

आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट र त्यसको परिलक्षित अनुमानित उपलब्धीका बारेमा गरिमामय गाउँसभाको अध्यक्षमार्फत अपिहिमाल गाउँपालिका सरकारको स्वीकृत नीति तथाकार्यक्रमा टेकेर आगामि आर्थिक बर्ष २०७८/०७९ को अनुमानित बार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु।

अध्यक्ष महोदय

१.कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि जनसक्ति व्यवस्थापनको तथा अन्यकार्यक्रमको लागि स्वास्थ्य तर्फ बजेट बिनियोजन गरेकी छु।

२.कोभिड१९ को कारण हुन नसकेको आर्थिक विकास लाई उकास्न कृषि,पसुपन्छि,व्यवसायी पर्यटन तिर बजेट बिनियोजन गरेकी छु।

३.महिला, बालबालिका, अपाङ्ग, दलित तथा लक्षितकार्यक्रम तर्फ बजेट विनियोजन गरेकी छु।

४.गाउँपालिकाका शिक्षा,स्वास्थ्य,कृषि, खानेपानी तथा स्वरोजगार जस्ता मानव विकास सुचाङ्क पूर्वाधारको आवश्यकता हेरी सम्बन्धित क्षेत्रमा बजेट विनियोजन गरेकी छु ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

५.प्रशासनिक तथा संस्थागत विकास, सुचाना को हक प्रत्याभूत गर्न, भ्रष्टचार नियन्त्रण गर्न, सेवा प्रवाहमा सुधार ल्याउन, शान्ति सुव्यवस्था र सुशासन कडाइ गर्न बजेट विनियोजन गरेकी छु।

**सभाध्यक्ष महोदय,**

अब म,आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।

राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७८/०७९ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल **२० लाख** आन्तारक आय प्राप्त हुने अनुमान गरेकी छु ।

आ.व. २०७८/०७९ मा यस गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकाबाट प्राप्त हुने बित्तीय सामानीकरण तथा राजश्व बाँडफाँड अनुदान देहाएवमोजिम रहेको छ ।

१. संघीय वित्तिय समानिकरण अनुदान रु. ७ करोड ४३ लाख ,
२. प्रदेश बित्तीय सामानिकरण अनुदान रु. ५० लाख ८२ हजार,
३. संघीय राजश्व वाँडफाँड वाट रु. ५करोड ६७ लाख ९ हजार,
४. प्रदेश राजश्व वाँडफाँड वाट रु. ४ लाख २० हजार,
५. संघीय समपुरक अनुदान १ करोड २ लाख
६. प्रदेश समपुरक अनुदान ६२ लाख ३९ हजार
७. संघीय विशेष अनुदान १ करोड ८३ लाख
८. प्रदेश विशेष अनुदान २५ लाख
९. आन्तरिक राजस्व २० लाख
१०.संघिय सरकारवाट प्राप्त शसर्त अनुदान १२ करोड १८ लाख
११.वैकं वित्तिय संस्थाको कृण तथा आन्तरिक स्रोत ३ करोड ५१ लाख ३६ हजार

उल्लेखित संघिय सरकारवाट प्राप्त शसर्त अनुदान, राजश्व वाँडफाँड, वित्तिय समानिकरण अनुदानएवं सम्भावित राजश्वका आधारमा आर्थिक वर्ष २०७८/०७९ को कुल अनुमानित बजेट रु. ३३ करोड २६ लाख ९० हजार हुनेछ ।

**अध्यक्ष महोदय,**

**अब म अपिहिमाल गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को निति तथा कार्यक्रम अनुरुपको बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।**

## १)आर्थीक विकास तर्फ:

**१.१)**अपिहिमाल गाउँपालिकाका सम्पुर्ण वडाहरुबाट प्राथमीकिरण भई आएका योजनाहरुको योजना वैंक स्थापना गरी कोभिड १९ र विविध कारणले बेरोजगार रहेका तर प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सुचिकृत नभएका घरधुरीहरुका व्यक्तिहरुका लागि रोजगारीको अवसर सृजना गर्न निरज तानसेन युवा स्वरोजगार कार्यक्रम मार्फत रोजगार वैंकको स्थापना गरी बेरोजगारहरुको लागत संकलनका आधारमा पालिका भित्र निर्माणहुने भौतिक पूर्वाधार निर्माणमा प्राथमिकता दिन आवश्यक वजेटको व्यवस्था गरेकी छु ।

**१.२)**संघीय सरकारको नीति अनुरुप प्रधानमन्त्री स्वरोजगार कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमसंग आवश्यक समन्वय गरी सिपमुलक कार्यमासमेत न्युनतम् २१६ जनालाई एक पटकमा १०० दिन बराबरको रोजगारीको व्यवस्था गरिने गरिवजेट विनियोजन गरेकी छु ।

**१.३)** कोभिड १९ को कारणले देशको अर्थतन्त्रमा पर्न जाने असर, खाद्यान्न आपुर्ति तथा बेरोजगारी समस्या समाधान गर्ने उद्धेश्यले कृषक बेरोजगारहरुलाई आयआर्जनमा आत्मनिर्भर बनाउन कृषि तर्फ विभिन्न बस्ती पहिचान गरी साना पकेट प्याकेज कार्यक्रमआधुनिक ओखर, स्याउ,अमिलो जातका फलफुलका विरुवाहरु,मसलाबाली, तरकारी खेती, बिउँबिजन, पोलीहाउस लगायत अन्य प्रविधिका लागि **रु.८३ लाख** वजेट विनियोजन गरेकी छु ।

**१.४)**यस गाउँपालिकाको मुख्य उत्पादनको रुपमा रहेका **रैथाने बाली** ( राज्मा, जौं, कोदो, फापर आदि )को संरक्षण, आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने नीति अनूरुप **रु.१५ लाख** रुपैया विनियोजन गरेकी छु ।

**१.५)**उत्कृष्ट कृषकलाई अवलोकन भ्रमण, प्रदर्शनी मेला आदि क्षेत्रमा प्रोत्साहन स्वरुप पुरुस्कृत गर्न आवश्यक वजेट विनियोजन गरेकी छु ।।

**१.६)**भेटेरीनरी तर्फ विगत बर्षदेखि काम गर्दै आइरहेका **एक वडा एक प्राविधिकहरु लाइ** निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरेकी छु ।

**१.७)**भेडाबाखा, कुखुरा जस्ता मासु तथा व्यवसायजन्य साना व्यवसायिक कृषक उत्पादन गर्न पकेट/प्याकेज कार्यक्रम र ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रमका लागि **रु.२५ लाख वजेट विनियोजन गरेकी छु ।**

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
...., दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

१.८)खाद्यान्न आभाव हुन नदिन खाद्य सुरक्षा कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्दै खाद्य भण्डारणका लागि भवन निर्माण गर्न **रु.१२ लाख** रकम विनियोजन गरेकी छु ।

१.९)धार्मिक स्थलहरुको आवश्यक संरक्षण तथा संवर्द्धन गर्नका निमित्त वडा नं ५ लुम्थीमा भवानी पसरौल मन्दिर निर्माण गर्न **रु.१५ लाख** र अपिहिमाल ६ सितोलामा शिव मन्दिर निर्माणका लागि **रु.५लाख** विनियोजन गरेकी छु ।

१.१०)घरघरमा उज्यालो पुर्‍याउने उदेश्यले **उज्यालो अपि कार्यक्रम** अन्तरगत अपिहिमाल ६ मज्जेमा निर्माणाधिन मज्जे लघुजलविधुत्त आयोजनाका लागि **रु.४०लाख** र अपिहिमाल ३ पाथामा निर्माणधिनघट्टेखोला लघुजलविधुत्त आयोजनाका लागि **रु.२० लाख** रकम विनियोजन गरेकी छु ।

१.११)स्वासप्रश्वास रोगको मुख्य कारण घर भित्रको धुवा भएको हुँदा धुवाँमुक्त अपि घोषणा गर्न एक घर एक सिलेण्डर ग्यास सहितचुल्हो वितरण गर्न **रु.९५ लाख** रकम विनियोजन गरेकी छु।

१.१२)वढ्दो वेरोजगारी कम गर्न निरजतानसेन युवा स्वरोजगार कार्यक्रमलाई समयानुकुल परिमार्जनगरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम संग जोडी एकीकृत रुपमा सचांलन गर्न **रु.३० लाख** विनियोजन गरेकी छु ।

१.१३)पर्यटन पुर्वाधारका सचालित कार्यक्रमहरु यथावत राख्दै पर्यटन पुर्वाधारको लागि यस गाउँपालिकाभित्र होटल, रिसोर्ट, होमस्टे जस्ता पर्यटकीय पुर्वाधारमा लगानी गर्ने व्यवसायीलाई तालिम प्रदान गरि दक्ष बनाउन **रु. १लाख** विनियोजन गरेकी छु ।

१.१४)लघु उद्यम विकास मोडलमा नयाँ उद्यमीहरुको सृजना तथा पुराना उद्यमीहरुको स्तरोन्नतिका लागि आवश्यक वजेटको व्यवस्था गरेकी छु ।

१.१५)**“निर्माण भइसक्यो सिद्ध मकरीकोटको बाटो, खुल्ला भइसक्यो पर्यटन विकास को बाटो”** भन्ने मुख्य नारामा टेकेर ठाउँ ठाउँमा अपिहिमाल गाउँपालिकाको भेषभुषा र पर्यटकीय ठाउँ झल्किने भित्तेलेखनका लागि रु.२लाख रकम विनियोजन गरेकी छु ।

१.१६)गाउँपालिकाभित्र रहेका पर्यटकीय पदमार्गहरु तथा मुख्य पर्यटकीय क्षेत्रको नक्साङ्कन गर्नका लागि **रु.५ लाख** रकम विनियोजन गरेकी छु ।

**यो संगै आर्थिक विकास तर्फः ३ करोड ४३ लाख रकम विनियोजन गरेकी छु ।**

**प्रतिशतमा आर्थिक विकास तर्फः ३० प्रतिशत**

**२)सामाजिक विकास तर्फः**

२.१)सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तरगत महिला स्वास्थ्य स्वयम् सेविकाहरुको क्षमता विकास गर्न आवश्यक तालिमका लागि **रु.७५ हजार** रकम विनियोजन गरेकी छु ।

२.२) यस अपिहिमाल गाउँपालिका अन्तरगत रहेका दिर्घ रोगी तथा बिरामी जेष्ठ नागरिकहरुलाई आकस्मिक सेवाका लागि सुदुरपश्चिम प्रदेशभित्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न**रु.१०लाख** रकम विनियोजन गरेकी छु ।

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

२.३)उच्च रक्तचाप, मधुमेह र महिलाहरुको पाठेघर सम्बन्धि रोगको रोकथाम, पहिचान, परीक्षण गरी वडास्तरीय सेवा केन्द्रबाट ६० बर्ष माथिका नागरिकहरुको रक्तचाप र मधुमेह जाच गर्ने व्यवस्थाका लागि समुदायमा आधारित हाल संचालनमा रहेका ल्याब सेवा को गुणस्तर बृद्धि गरी आवश्यकता अनुसार ल्याव सेवा विस्तार गर्न **रु.१लाख** रकम विनियोजन गरेकी छु ।

२.४)आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणालीलाई थप विस्तार र प्रवर्द्धन गर्नआवश्यक वजेटको व्यस्था गरेकी छु ।

२.५)उमेर नपुगी विवाह गर्ने प्रथालाई न्युनीकरण गर्न चेतनामुलक कार्यक्रम संञ्चालन गर्दै कम उमेरमा विवाहित महिला पुरुषहरु संग किशोर किशोरी अन्तरकृया कार्यक्रम सञ्चालनका लागि **रु.२ लाख** रकम विनियोजन गरेकी छु ।

२.६)कोभिड १९ को कारणले उच्च जोखिममा रहेका जेष्ठ नागरिकलाई घरदैलो मै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न **"अध्यक्ष जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम"**का लागि रु.५लाख रकम विनियोजन गरेकी छु ।

२.७)गर्भवती र सुत्केरी संग उपाध्यक्ष कोशेली कार्यकम गर्भवती तथा सुत्केरीहरुको स्वास्थ्य स्थितिलाई मध्यनजर गर्दै **उपाध्यक्ष विशेष गर्भवती तथा सुत्केरी कार्यक्रम** सञ्चालन गर्न**रु.३ लाख** रकम विनियोजन गरेकी छु ।

२.८)अपिहिमाल गाउँपालिका भित्रका सम्पूर्ण वडाहरु लाई पूर्ण संस्थागत प्रसुती वडा घोषणा गर्न वर्थिगं सेन्टरहरु लाइ थप व्यस्थित वनाइ प्रभावकारी सेवा प्रदान गर्न वर्थिगं सेन्टर सुदृढीकरण कार्यकमका लागि **रु.६ लाख** रकम विनियोजन गरेकी छु ।

२.९)वहुक्षेत्रीय पोषण कार्यकमको माध्यमबाट वालवालिकाको पोषण स्थितिमा सुधार ल्याउन विद्यालयहरुमा दिवाखाजा कार्यकम लाइ व्यस्थित गर्दै विद्यालयमा खाने गरेको बिस्कुट र चाउचाउ जस्ता ( पत्रु ) खाजाहरु निरुत्साहित गर्न**रु.५लाख** रकम विनियोजन गरेकी छु ।

२.१०)संघ तथा प्रदेश सरकारले सिंजना गरेका दर्बन्दि वाहेकका कर्मचारीहरुलाई काम प्रति जवाफदेहिता गराउन  प्रोत्साहन स्वरुपमासिक खाइपाइ आएको तलवमा **रु.१ हजारका** दरले तलब वृद्धि गरेकी छु ।

२.११)समाजमा हुने आपराधिक क्रियाकलाप कम गर्न सामुदायिक प्रहरी साझेदार कार्यक्रमलाई अझ सुदृढ तथा प्रभावकारी रुपमा सञ्चालन गर्नुका साथै प्रहरी चौकी भवन मर्मत तथा सुधार गर्न **रु.२ लाख** रकम विनियोजन गरेकी छु ।

२.१२)जेहन्दार तथा अनाथ वालवालिकाहरुका लागि आवाशिय सुविधासहित पठनपाठनको व्यवस्था मिलाइने छ भने आन्तरिक अल्पसंख्यक विद्यार्थिहरुका लागि दिदै आएको छात्रवृती कार्यकमलाई निरन्तरता दिदै वालवालिकाहरुका लागि **रु.५ लाख** रकम विनियोजन गरेकी छु ।

२.१३)आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउनकोलागि गर्भवती सुत्केरी आमा स्वास्थ्य सहयोग कोषको स्थापना गरी कार्यक्रम सञ्चालन गर्नरु.१लाख रकम विनियोजन गरेकी छु ।

२.१४)**"अपिहिमाल गाउँपालिकाको सपना,नवजात शिशु तथा मातृ मृत्युदर शुन्य हाम्रो परिकल्पना"** भन्ने नारा सहित २४ सैं घण्टा निःशुल्क प्रसुती सेवा प्रभावकारी रुपले सञ्चालन गर्न सम्बन्धित

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

स्वास्थ्यकर्मीहरुका लागि क्षमता अभिवृद्धिSBA तालिमका लागि **रु.१लाख ३५हजार** रकम विनियोजन गरेकी छु ।

२.१५)गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समिक्षा गर्दै विद्यमान सबै खाल खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना, पानीको गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना तथा उत्कृष्ट उपभोक्ता समितिकालाई पुरस्कृत गर्नका लागि गाउपालिकामा एक उपभोक्ता समिति मर्मत संभार कोष स्थापना का लागि **रु.१ लाख** रकम विनियोजन गरेकी छु ।

२.१५)लामो समय सम्म काम गर्ने परिवार नियोजनका साधनको पहुँचमा वृद्धिगर्न स्वास्थ्यकर्मी हरुलाई आयुसिडी इम्पालन्ट तालिमका लागि **रु.१ लाख** रकम विनियोजन गरेकी छु ।

२.१६)महिला शसक्तीकरण तथा आत्मानिर्भरताका लागि समविकास तालिमको लागि **रु.५० हजार** रकम विनियोजन गरेकी छु ।

२.१७)समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र विस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु.२ लाखभन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्न रु.१ लाख रकम विनियोजन गरेकी छु ।

२.१८)खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीयस्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यका लागि**रु.५लाख** रकम विनियोजन गरेकी छु ।

२.१९)न्यायिक समितिको कार्य सम्पादनमा थप चुस्तता ल्याउनन्याय सम्पादनलाई थप प्रभावकारी वनाउन मेलमिलाप कर्ताहरु, न्यायिक कर्मचारीहरु तथा न्यायिक समितिका पदाधिकारीहरु लाई आवश्यक तालिमको व्यवस्था तथा मेलमिलाप केन्द्रहरुको स्थापनाका लागि**रु.५लाख** रकम विनियोजन गरेकी छु ।

२.२०)**लैगिंक हिसां न्युनीकरणका** लागि आवश्यक बजेट व्यवस्थापन गरि लैगिंक हिंसा निवारणकोषका लागि**रु.१ लाख** रकम विनियोजन गरेकी छु ।

२.२१)अपागंता भएका नागरिकहरु लाई सामाजिक मुलधारमा समाहित र अपागं सहयोग कार्यक्रम सञ्चालन गर्न (ग) **वर्गका अपागं हरुलाई मासिक रु.५सय र** (घ) **वर्गका अपागंहरु लाई मासिक रु.३सय** भत्ताको व्यवस्था गरेकी छु ।

२.२२)सरसफाईलाई मानवजिवनको जिवनशैली संग जोड्दै दलित बस्तीहरुमा गोठसुधार, आगन सरसफाई,आरन घर निर्माण र व्यक्तिगत सरसफाइ कार्यक्रम सञ्चालनगर्न **रु.५लाख** रकम विनियोजन गरेकी छु ।

२.२३)सरकारी जमिनको तथ्याकं संकलन र भुमिहिनहरुको लगत संकलन गरी भुमि-सुधारलाई थप प्रभावकारी बनाई अगाडी बढ्न अमिन नियुक्तीका लागी वजेटको व्यस्था गरेकी छु ।

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

२.२४)एकल पुरुषलाई दिइदै आएको रु.५००भत्तामा ५०० थप गरी मासिक **रु.१हजार** पुर्याएकी छु।

२.२५)सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधारका लागि नियमित अनुगमनको व्यवस्था गरि उत्कृष्ट विद्यालय**रु.५० हजार**,उत्कृष्ट प्रधानाध्यापक**रु.२५हजार** र उत्कृष्ट शिक्षकका लागी **रु.१५हजार** रकम पुरस्कार विनियोजन गरेकी छु।

२.२६)मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन र व्यक्तिगत स्वच्छता व्यवस्थापन का लागि आवश्यक विद्यालयहरुको शौचालयहरुमा भेन्डिङ्ग मेशिन जडान र हातधुने सुविधा सहितको स्वच्छ खानेपानी को व्यवस्थाका लागि **रु.८ लाख** रकम विनियोजन गरेकी छु।

२.२७)**"हाम्रा बाबु हाम्रा नानी, हामी आफै बनाऔं ज्ञानी"** कार्यक्रम सञ्चालन गरी कक्षा १ देखि ३ का बालबालिकालाई अभिभावकको दैनिक २ घण्टा उपलब्ध गराउने कार्यलाई अभियानका रुपमा संचालन गर्दै गृहकार्य पुस्तिकालाई कडाईका साथ लागु गर्न **रु.२३ हजार** रकम विनियोजन गरेकी छु।

२.२८)गाउँपालिका भित्रका भौतिक पुर्वाधार क्रियाकलापहरुलाई अझै गुणस्तरिय बनाउन गाउँपालिका भित्र काम गर्दै आएका मिस्त्री, दक्ष कामदारहरुलाई सम्वन्धित तालिमदाता साझेदार निकायहरुको समन्वयमा भुकम्प प्रबिधी संरचना निर्माण सम्बन्धितको तालिम प्रदान गर्नरु.२लाख रकम विनियोजन गरेकी छु।

२.२९)शिक्षा क्षेत्र सुधार कार्यकम तथा पोषण कार्यकमका लागि **रु.२ करोड ३० लाख** रकम विनियोजन गरेकी छु।

**यो संगै सामाजिक विकास तर्फः ३ करोड १६ लाख ६३ हजार रकम विनियोजन गरेकी छु।**

**प्रतिशतमा सामाजिक विकास तर्फः २६.७८ प्रतिशत**

## <u>३.भौतिक पुर्वाधार विकास तर्फः</u>

३.१)मानव बस्तीलाई हिलोमुक्त गर्न आवश्यक बस्तीहरुमा ढलनिकासको व्यवस्था गर्न**रु.२०लाख** रठूला ढलनिकास र तटबन्दहरुको गुरुयोजना तयारीका लागि **रु.१५लाख** विनियोजन गरेकी छु।
३.२)सिद्ध मकरीकोट पदमार्ग र मकरी दैभात घोरेटो बाटोमा आवश्यक विश्राम स्थलको लागी **रु.४लाख** र सिद्धमकरीकोट सिडिबाटोमा खानेपानी व्यस्थापनका लागि **रु.३लाख** विनियोजन गरेकी छु।
३.३)वहुप्रर्तिक्षित झुस्कु र पाटु जोड्ने अपि सेतुको वृस्तित परियोजना प्रतिवेदन (DPR)का लागी **रु.५० लाख** र लमौन रथी झो.पु.को(DPR)का लागि **रु.१०लाख** रकम विनियोजन गरेकी छु।
३.४)अर्पिहिमाल गाउँपालिका वडा नं. ५ र पालिका केन्द्रसम्म केन्द्रीय विद्युतीकरणलाई विस्तार गर्न र वडा नं.१ र २ लाई विधुत्तिकरणका गर्न नेपाल सरकार उर्जा मन्त्रालय लाई समक्ष अनुरोध गरिनेछ।
३.५)अर्पिहिमाल गाउँपालिका र मार्मा गाउँपालिकाको सिमानामा मितेरीगेट निर्माण गर्न **रु.७लाख** रकम विनियोजन गरेकी छु।

अर्पिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, बाजुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

३.६)अपिहिमाल गाउँपालिकामा आ.व ०७७।०७८ निर्माण सम्पन्न भएका र सम्पन्न गर्न बाँकी योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागी **रु.७६ लाख ८५ हजार** रकम विनियोजन गरेकी छु ।

३.७)अपिहिमाल गाउँपालिका भित्र आ.व.०७८।०७९मा निर्माण गरिने भवन,पदमार्ग,खानेपानी तथा सरसफाइ योजना र पि.सि.सि. बाटो निर्माणका लागि समपूरक तर्फ **रु.२ करोड २५ लाख** रकम विनियोजन गरेकी छु ।

३.७)सिद्धमकरीकोट सिडि बाटोको निर्माण गर्न बाँकी कार्यको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

**यो संगै भौतिक पूर्वाधार तर्फ समपुरक सहित: ४ करोड १० लाख ८५ हजार विनियोजन गरेकी छु ।**

**प्रतिशतमा भौतिक पूर्वाधार विकास तर्फ:३५.८८ प्रतिशत**

## ४.सुशासन तथा संस्थागत विकास तर्फ

४.१).इन्टरनेट सेवा नेपाल सरकारको अति आवश्यक सेवामा समावेश भएकोले गाउपालिका कार्यालयमा न्युनतम २० Mbpsर वडा कार्यालयहरुमा ५ Mbpsको वेगमा इन्टरनेट सेवा जडान गरी हस्तलिखित कागजपत्रहरु लाइ निरुत्साहित गर्नरु.१०लाख विनियोजन गरेकी छु ।

४.२) अपिहिमाल गाउपालिकाको दिगो विकासका लागि आबधिक योजना, रणनीतिक योजना तथा बार्षिक योजना तर्जुमाका लागि रु.१०लाख रकम विनियोजन गरेकी छु ।

४.३)अपिहिमाल गाउपालिकाबाट प्रवाह गरिने सेवा प्रभावकारी र छिटो छरितो संचालन गर्नका लागि कर्मचारीहरुलाई प्रविधि तथा सेवा सम्बन्धी क्षमता विकास तालिमका लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

४.४)सुचनाको हकलाई सुनिश्चितता गर्न कम्तीमा प्रत्येक वडा तथा टोलस्तरमा कम्तीमा २ ठाउमा सुचना केन्द्र निर्माणका लागी रु.३ लाख६० हजार रकम विनियोजन गरेकी छु ।

४.५)राष्ट्र सेवक कर्मचारीहरुको उच्च मनोबल र सम्मान बढाउन"**जनताको कर्मचारी**" पुरस्कारको व्यवस्थाका निमित्त कोष खडा गर्नरु.१ लाख रकम विनियोजन गरेकी छु ।

४.६)अपिहिमाल गाउँपालिका बाट प्रवाह गरिने सेवाहरु लाई थप सुधार, सहजता र चुस्तता ल्याउन आवश्यक जनशक्ति व्यस्थापनका लागि दरवन्दी सृजना गर्न आवश्यक वजेट विनियोजन गरेकी छु ।

४.७)अपिहिमाल गाउँपालिका भित्र रहेका ट्रस र झोलुंगे पुल संरक्षकहरु र सिद्धमकरीकोट सिडीबाटो सरसफाईकर्मीहरुका लागी आवश्यक वजेटको व्यवस्था गरेकी छु ।

४.८)अपिहिमाल गाउँपालिकाको आ.व.०७७।०७८मा शुसासन तर्फ सार्वजनिक सुनुवाइ लगायत सुचना,सन्देश प्रशारण र पत्रपत्रीकाको भुक्तानी बाँकी रहकाले भुक्तानीका लागिरु.**१० लाख** रकम विनियोजन गरेकी छु ।

४.९)अपिहिमाल गाउँपालिकाको सवै भन्दा ठुलो जात्रा लाग्ने शुर्माभवानी मन्दिर जात्राको डकुमेन्टी निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

**यो संगै सुशासन तथा संस्थागत विकास तर्फ: ३४ लाख ६० हजार रकम विनियोजन गरेकी छु ।प्रतिशतमा शुसासन तथा संस्थागत विकास तर्फ: ३.०२ प्रतिशत**

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

### ५.वातावरण तथा विपद् व्यवस्थापन तर्फ:

५.१)विश्व भर महामारिका रुपमा फैलिएको कोभिड १९ लगायतका विभिन्न किसिमका विपद जोखिम न्युनीकरण कार्यलाई प्रभावकारी रुपले संचालन गर्नरु.५० लाख रकम विनियोजन गरेकी छु।

**यो संगै वातावरण तथा विपद् व्यस्थापन तर्फ: ५० लाख रकम विनियोजन गरेकी छु ।**

प्रतिशतमा वातावरण तथा विपद् व्यवस्थापन तर्फ:४.३७ प्रतिशत

**(पुजिगत तर्फ रु.३ करोड ५१ लाख ३६ हजार आन्तरिक ऋण संघीय र प्रदेश सरकार संग समन्वय गरि घाटा पुर्ति गरिनेछ ।)**

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

अपिहिमाल गाउँपालिका

**अध्यक्ष महोदय**

**तथा**

**उपस्थित महानुभावहरु,**

**अन्त्यमा**

अपिहिमाल गाउँपालिकाको यस गरिमामय बाह्रौं गाउँसभामा नऔं गाउंसभाले पास गरेको **"जलश्रोत, जडिबुटी, कृषि एवम् पर्यटन पुर्वाधारको विकास; समग्र गाउँपालिकाको संमृद्धी र विकासमा हाम्रो प्रयास"**को नीतिलाई अझ ठोस गर्दैप्रस्तुत भएको **"सुखी नेपाली समृद्ध नेपाल"**को राष्ट्रिय आकांक्षा साकार पार्न **"संमृद्ध र सुखी अपिका लागी जादुगरी चार आधार; स्वास्थ्य, शिक्षा, कृषि र पर्यटन बोक्ने रोजगारमुखी दिगो पूर्वाधार"**सहितको दिर्घकालीन सोचमा आधारित नीतिले **स्वरोजगार र श्रम पहिचान, समृद्ध अपिहिमाल निर्माणको अभियान**"सहितको यस गाउँपालिकाको दीर्घकालीन सोँचलाई झनै टेवा पुग्नेमा म, विश्वस्त छु ।

परिवर्तित राज्य व्यवस्था अन्तरगत नेपालको संविधानले सृजित अधिकारहरु र तिनको कुशल कार्यान्वयन अभ्यास मार्फत समृद्ध गाउँपालिका निर्माणका लागि अवसरयुक्त र **कोरोना रोगका महामारी बिरुद्धको लडाई जित्नु पर्ने** चुनौतिपूर्ण घडिमा अपिहिमाल गाउँपालिकालाई नमुना स्थानीय तहको रुपमा स्थापित गर्न यहाँहरु सबैको निरन्तर सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

साथै स्थानीय सरकार संचालन, निर्माण र आर्थिक, सामाजिक, भौतिक तथा मानवीय विकासका विविध पक्षहरुमा योगदान पुऱ्याउने हुने गाउँपालिकाका राजनीतिक दलहरु, समाजसेवी, बुद्धिजीवी, गैह्र सरकारी क्षेत्र, संचार जगत, राष्ट्र सेवक कर्मचारीहरु, यस गाउँपालिकाबासी,आमजनसमुदायहरु लगायत सम्पुर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !!!**

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल